परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३२३ •२०७९ साल माघ ११ बुधबार •(25 January-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## कहाँ छन् हत्या अभियुक्त सांसद कोइरी ?

### महासेठ भन्छन् : कोइरी अपराधी होइनन्



विशाल बस्नेत, महोत्तरी । महोत्तरीबाट निर्वाचित सांसद लक्ष्मी महतो कोइरी फरार भएको घटनाभन्दा पनि गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिलाई लिएर यतिबेला राजनीतिक वृत्त तातेको छ । हत्या अभियोग लागेका फरार अभियुक्त कोइरीलाई पक्राउ गर्न चर्को दबाब परेपछि बाध्य भएर विज्ञप्तिको सहारा लिएको गृह मन्त्रालय नै यतिबेला विवादित बनेको हो छ । हत्या अभियोगमा २०७७ सालमै जनकपुर उच्च अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएपछि चलान गर्नुपर्ने सजाय सुनाएपछि फरार कोइरी २०७९ को निर्वाचनमा एमालेका तर्फबाट महोत्तरी- १ बाट निर्वाचित भए। अदालतबाट पारम्भिक दोषी ठहर भएका कोइरीलाई पक्राउ गरेर कानुनी प्रक्रियामा ल्याउनुको सट्टा विज्ञप्ति निकालेर भगाउन नै भूमिका खेलेको आरोप मन्त्रालयलाई छ । कोइरीलाई पक्राउ गर्न नसक्नुको कारण गृह मन्त्रालय स्वयं दोषी भएको नेकपा एमालेका नेताहरूले बताउन थालेका छन्। नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा सचिव रघुवीर महासेठले सांसद कोइरी पक्राउ हुन नसक्नुमा गृह मन्त्रालय नै दोषी भएको आरोप लगाए । गृह मन्त्रालयले महतोलाइ पक्राउ गर्न प्रहरीलाई ध्यानाकर्षण गराउँदै ६ माघ, २०७९ मा लिखित विज्ञप्ति निकालेको थियो। प्रहरीलाई पटकपटक गृहमन्त्री रवि लामिछानेले मौखिक निर्देशन दिँदा पनि अभियुक्त कोइरी पक्राउ नपरेपछि लिखित निर्देशन दिएको विज्ञप्तिमा उल्लेख गरिएको थियो । कोइरीका विषयमा राजनीतिक वृतमा थुप्रै आशङ्का जन्मिएका छन् । नेकपा एमाले निकट कतिपय महोत्तरीस्थित स्थानीय नेताहरूले कोइरी प्रहरीको आँखाअगाडि नै रहेको दाबी गर्दै आएका छन् । कोइरी भागेर भारत पुगेको खबरमा सत्यता नरहेको र उनी गृह जिल्लामै रहेको एमालेका स्थानीय नेताहरू दाबी गर्छन् । यता, एमाले इतरका पार्टीहरूले भने संसद् कोइरीलाइ गृह मन्त्रालयले नै संरक्षण दिइरहेको आरोप लगाएका छन्। गृह मन्त्रालयले विज्ञप्ति निकालेर नाटक मञ्चन गरेको आरोप लगाउँदै माओवादी केन्द्रका पोलिटब्युरो सदस्य प्रकाशहरि पोखरेलले गृह मन्त्रालय नै दोषी भएको जिकिर गरे । देशैभरि कोइरीलाई पक्राउ गर्ने विषयले प्राथमिकता पाइरहेका बेला कोइरी कहाँ लुकेका छन् भन्ने विषय यतिबेला आमचासो बनेको छ । ७७ वटै जिल्लामा कोइरीलाई पक्राउ गर्न गृह मन्त्रालयले सर्कुलरसमेत जारी गरेको छ । तर उनी कहाँ छन् भन्ने सूचना प्रहरीसँग छैन । कतिपयले कोइरीको गृह जिल्ला महोत्तरीस्थित गौशालाको निगौलबाट भारत फरार भएको बताएका छन् भने कतिपयले नेपालमा नै भएको दाबी गरिरहेका छन् । गृह जिल्ला महोत्तरीका प्रहरीहरू कोइरी अहिले सीमापारि छन् कि नेपालमै छन् भन्न नसकिने बताउँछन् । प्रहरी नायब उपरीक्षक सन्तोष पोखरेलले कोइरी भारत फरार भएको अनौपचारिक सूचना आए पनि उनी नेपालमै बसिरहेको दाबी गर्छन्।

नेपालभित्र वा बाहिर जहाँ भए पनि कोइरी चाँडै पक्राउ पर्ने प्रहरीको दाबी छ। उता, कोइरी निर्वाचित भएको महोत्तरी-१ जनप्रतिनिधिविहीन बनेको छ । उनी निर्वाचित भएदेखि नै प्रहरीको आँखा छल्दै आएका महता लुकीछिपी विजय जुलुसमा सहभागी भएका थिए। प्रहरीको आँखाअगाडि नै कतिपय कार्यक्रममा सहभागी भएका महतोको विषयलाई लिए विभिन्न पत्र-पत्रिकामा समाचा प्रकाशित गरेको थियो। त्यसपछि सार्वजनिक कार्यक्रम नदेखिएका कोइरी एकै पटक प्रचण्डलाई विश्वासका मत दिन संसद् भवन प्रवेश गरेका थिए । महतोले माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेललाई पराजित गरे । तर अहिले पनि स्थानीय कार्यक्रम गोष्ठी तथा उद्धाटनमा पोखरेल नै उपस्थित भइरहेका छन् ।

*-बाँकी पृष्ठ ३ मा*

## नेपाल ग्यास उद्योगको ३६ औं स्थापना दिवसमा रक्तदान



टक नेपाल, बर्दिबास । धनुषाको मिथिला नगरपालिकामा रहेको नेपाल ग्यास उद्योग (नारायणी) प्रा.लिमिटेडले ३६ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको छ । उक्त अवसरमा उद्योगमा कार्यरत एकजना महिला सहित ३१ जना कर्मचारीले रक्तदान गर्नुभएको कार्यालयका प्रमुख जिवन छतकुलीले जानकारी दिनु भयो । रक्तदानका लागि नेपाल रेडक्रस सोसाईटी धनुषा प्रयोगशाला प्रमुख नारायण न्यौपाने को टोलीले सहजीकरण गरेको हो । स्थापना दिवसको विशेष अवसरमा कार्यालयका शुरक्षा गार्ड शाखामा कार्यरत गार्ड सहईन्चार्ज हरिहर थापालाई 'उत्कृष्ट कर्मचारी पुरस्कार-२०७९'बाट सम्मान सहित पुस्कृत गरिएको थियो । कार्यक्रममिथिलानगरपालिकावडानं९ का अध्यक्ष दिपक थापाको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा ग्यास विक्रेता संघ महत्तोतरीका अध्यक्ष सरोज श्रेष्ठ,सामाजिक अगुवा कल्पना कार्की बस्नेत, विनोद बस्नेत, विश्वदिप बस्नेत, शंकर श्रेष्ठ लगायतको उपस्थीति रहेको थियो ।




Bardibas Service Centre

Bardibas Bazaar, Bardibas, Mahottari



# सरकारमा बसेर सङ्घीयता र गणतन्त्रविरुद्ध बोल्ने अधिकार छैन : प्रधानमन्त्री

टक नेपाल, काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारमा बसेर सङ्घीयता र लोकतान्त्रिक गणतन्त्रका विरुद्ध कसैलाई बोल्ने अधिकार नभएको बताउनुभएको छ । राष्ट्रियसभाको आजको बैठकमा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन २०७९ माथिको छलफलमा सदस्यहरुले उठाएको जिज्ञासाको जवाफ दिँदै उहाँले बाहिर राजनीतिक दल, सांसदलाई आफ्नो धारणा राख्ने अधिकार भए पनि मन्त्रिपरिषदमै बसेर त्यसविरुद्ध बोल्ने अधिकार नभएको स्पष्ट पार्नुभयो। आजको बैठकमा मन्त्रिपरिषद्मा नै रहेका एक मन्त्रीले सङ्घीय प्रणाली र लोकतान्त्रिक गणतन्त्रको विपक्षमा बोलेको भन्ने एक सांसदको जिज्ञासामा जवाफ दिँदै प्रधानमन्त्रीले भन्नुभयो, 'यस विषयमा मेरो गम्भीर ध्यानकर्षण भएको छ । यो स्पष्टिकरणको विषय हुन्छ । सङ्घीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध बोल्ने र प्रचार गर्ने अधिकार नैतिक र कानुनी रुपले पनि हुनसक्दैन । यो स्पष्टिकरणको विषय हुन जान्छ ।' सङ्घीयता कार्यान्वयनमा देखिएको कमजोरी हटाएर अघि अगाडि बढ्न सरकार स्पष्ट एवम् तयार रहेको उहाँको भनाइ छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी, समानुपातिक विशेषता सहितको संविधानको मूलभूत विषयभित्र पर्ने उल्लेख गर्दै उहाँले नेपाली जनताको ठूलो त्याग र बलिदानबाट यो परिवर्तन प्राप्त भएको स्मरण गर्नुभयो । उहाँले प्रदेश, र स्थानीय सरकार सङ्घीय सरकारका इकाइ नभएको भन्दै समन्वय र सहकार्यमा चल्ने संरचना भएको स्पष्ट पार्नुभयो । सङ्घीय लोकतानित्रक गणतन्त्रको पहिलो प्रधानमन्त्री, शान्ति सम्झौताका हस्ताक्षरकर्ता र परिवर्तनका बाहक भएकाले सङ्घीयता र समानुपातिक र समावेशी कार्यान्वयन गर्ने चुनौतीपूर्ण अवसर रहेको उहाँको भनाइ छ । उहाँले सङ्घीयता कार्यान्वयनसम्बन्धी ऐन बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । खर्चिलो र भड्किला क्रियाकलापले सङ्घीय प्रणालीकाविरुद्ध जनमत बनाउन मलजल गरेको उल्लेख गर्दै उहाँले प्रदेशका मन्त्रालय एवम् अन्य



अनावश्यक संरचना हटाएर खर्च घटाउने तथा कानुन र विकास निर्माणका काम बढाउने विश्वास दिलाउनुभयो । सङ्घीयता कार्यान्वयनका क्रममा भएको केही ढिलाइ तथा अरुचिका कारण केही समस्या देखा परेको उल्लेख गर्दै प्रधानमन्त्रीले सोही कारणले नै सङ्घीयता विरोधी प्रवृत्तिलाई बढवा दिने काम गरेको बताउनुभयो । सङ्घीयता कार्यान्वयनका क्रममा देखिएको कमजोरीलाई हटाएर नयाँ गति दिने र त्यसका लागि सङ्घीय निजामति ऐन, सङ्घीय शिक्षा ऐन, प्रहरीलगायतका अन्य ऐनलाई गति दिने प्रधानमन्त्रीको भनाइ छ । सङ्घीयता र समानुपातिक लोकतन्त्र निकै ठूलो बलिदानबाट प्राप्त उपलब्धि भएको तथ्य पेस गर्दै प्रधानमन्त्रीले संविधान सभा मार्फत् स्वीकार गरेको विषयमा देखिएका कमजोरी सुधार गर्दै अगाडि जानुको विकल्प नभएको बताउनुभयो । लोकतन्त्र र गणतन्त्रको बारेमा बहस र विवाद चल्दै आएको उल्लेख गर्दै उहाँले राजनीतिक वृत्त र समाजमा एकरुपता नभए पनि आन्दोलनका बलमा बनेको माहोलले राजनीतिकवृत्तमा झण्डै सर्वसम्मत् जस्तै भएको प्रधानमन्त्रीले स्मरण गर्नुभयो । उहाँले संविधानतः सङ्घीय प्रणाली तथा समावेशी समानुपातिक प्रतिनिधित्वका बारेमा यसका पक्षधरले प्रश्न उठाउनु नैतिक र कानूनीरुपले पनि नमल्ने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'यसलाई कार्र्यान्वयन हुन नदिन तथा प्रभावित पार्ने विषय नैतिक र राजनीतिक हिसाबले पनि सह्य हुँदैन ।' आफूहरु खोजेको सङ्घीयता अधिकार, साधनस्रोतको समुचित बाँडफाँट भएको उल्लेख गर्दै प्रधानमन्त्रीले त्यसमा रहेको कमजोरी हटाउन आफू प्रतिबद्ध भएर लागिपर्ने बताउनुभयो । राष्ट्रियसभा, सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले नेपाल सरकार र सरोकारवाला निकायलाई कार्यान्वयनका लागि २०७९ कात्तिक महिनामा दिएका सिफारिसलाई सरकारले कार्यान्वयनमा उच्च प्राथमिकता दिएको प्रधानमन्त्रीको भनाइ थियो । सङ्घीयता कार्यान्वयनका लागि सरकार समक्ष पेस गरेका ९९ वटा सिफारिस विभिन्न १३ वटा क्षेत्रसँग सम्बन्धित छन् । त्यसमा अधिकारक्षेत्रको थप स्पष्टता र संविधान संशोधनसँग सम्बन्धित, महिलालगायतकाको अधिकार सुनिश्चितता तथा संयुक्त समितिको निर्माण र समितिको निर्देशन कार्यान्वयनसँग सम्बन्धित विषय छन्। यस्तै, संवैधानिक आयोगका सिफारिसको कार्यान्वयन, सङ्घीयता कार्यान्वयन कार्ययोजना, विकेन्द्रीकरण योजना, सुशासन, सेवा प्रवाह र मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित विषय छन् । समतामूलक समाज निर्माण, प्रशासनिक सङ्घीयता, संस्थागत संरचना, अन्तर तह समन्वय र सहकार्य, वित्तीय सङ्घीयता तथा यससँग जोडिएका अन्य विषय पनि छन् । ती सिफारिस कुनै तत्काल गर्नुपर्ने प्रकृतिका छन् भने कुनै दीर्घकालसम्म गर्ने प्रकृतिका छन् ।

**हालसम्मको कार्यान्वयनको अवस्था**

समितिले दिएको सिफारिसको वर्गीकरण गरी कार्यान्वयनका लागि मन्त्रालय वा निकायमा पठाइसकिएको प्रधानमन्त्रीको भनाइ छ । यसक्रममा सङ्घीय अर्थ मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आफ्नो कार्यक्षेत्र भित्र आवश्यक कार्य हुनेछ । त्यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यको हकमा सिफारिसलाई सम्बन्धित महाशाखाअनुसार वर्गीकरण गरी कार्यान्वयनका लागि पठाइसकिएको उहाँले बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, 'म प्रधानमन्त्री भइसकेपश्चात नेपाल सरकारका सचिवलाई दिएको ३० बुँदे निर्देशनको बुँदा नं ११ मा सङ्घीयतासँग सम्बन्धित शिक्षा र स्वास्थ्यको सेवाप्रवाहलाई अझ गुणस्तरीय र प्रभावकारी बनाउन सुधारसहितको कार्यया जना तयार पार्ने विषय छ ।' त्यसैगरी सीमान्तकृत वर्ग, श्रमजीवी वर्ग र समाजको तल्लो वर्गलाई प्रदान गरिने सेवामा देखिएका कठिनाइ र सेवालाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधारको खोजी गरी तत्काल आवश्यक कार्य गर्न निर्देशन दिइसकेको प्रधानमन्त्रीको भनाइ छ । प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाउन र सङ्घीय निजामति सेवा ऐन आगामी संसद्मा पेस गर्ने गरी तयारी गर्न भनिएको छ । त्यसैगरी संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममासमेत सङ्घीयता कार्यान्वयन एवं प्रदेश र स्थानीय तहका सरकारको सवलीकरणका लागि आवश्यक कानून तर्जुमा गर्न र संसद्मा विचाराधीन विधेयकको टुङ्गो लगाउने कार्य उच्च प्राथमिकतामा परेको उहाँले बताउनुभयो । सङ्घीयताको कार्यान्वयन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि केही विषयलाई उच्च प्राथमिकतामा राखिएको छ । सङ्घीयता कार्यान्वयनका लागि तीन तहका सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई संविधान बमोजिम कार्यान्वयन गर्ने, संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकाय हस्तान्तरण गरिने उहाँले बताउनुभयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधानमा उल्लेखित साझा अधिकारका सूचीसँग सम्बन्धित कानूनलगायत अन्य आवश्यक ऐन कानून प्राथमिकताका साथ तर्जुमा गर्ने प्रधानमन्त्रले प्रतिबद्धता व्यक्त गर्नुभयो । सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम वृद्धि गरी न्यायोचित वितरण गर्ने तथा आवश्यक स्रोत, साधन र जनशक्ति तत्काल व्यवस्था गर्ने एवम् प्र्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गरिने उहाँको भनाइ छ । सङ्घीय कानून निर्माण र संशोधन गरी प्रदेश तथा स्थानीय तहको अधिकार सूचीमा रहेका विषयको यथाशीघ्र निरुपण गर्न सहजीकरण गर्ने तथा प्रदेशका क्षेत्राधिकारसँग बाँझिएका ऐन संशोधन गर्ने, संविधानप्रदत्त सामाजिक न्यायको हकको सुनिश्चितताका लागि समानुपातिक समावेशीताको सिद्धान्तलाई कार्यान्वयन गर्नेमा आफू दत्तचित्त रहेको प्रधानमन्त्रीको भनाइ छ । मौलिक हकको प्रभावकारी रुपमा कार्यान्वयन गर्न राज्यको भूमिका अभिवृद्धि गर्ने, विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिलाउने तथा मन्त्रिपरिषदको २०७३ माघ १८ मा स्वीकृत कार्य विस्तृतिकरण परिमार्जन सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको छ । समावेशी प्रतिनिधित्वका लागि प्रतिनिधिसभा तथा प्रदेशसभामा एक तिहाई महिला उम्मेदवारको सुनिश्चितता भएको तथ्य पेस गर्दै प्रधानमन्त्रीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आवश्यक जनशक्ति र स्रोतसाधन उपलब्ध गराउने र राष्ट्रिय सतर्कता केन्द्रजस्ता भ्रष्टाचार नियन्त्रण गर्ने कार्यालयलाई जनशक्ति र स्रोतसाधनमा उच्च प्राथमिकता दिइएको उल्लेख गर्नुभयो । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन यसमा लाग्ने समयलाई एक तिहाईले घटाउने, जनमैत्री, छिटोछरितो, सुलभ र कम खर्चिलो, झन्झटमुक्त, प्रविधिमैत्री बनाउन र कार्यसम्पादनमा संलग्न कर्मचारीलाई उत्तरदायी बनाउन निर्देशन दिइसकिएको र कतिपय सेवामा अनलाइन प्रणाली सुरु भइसकेको उहाँको भनाइ छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | खानपिनको परिकारले मन लोभ्याउनेछ। | तुला | मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। |
| बृष | विशेष सामाजिक कृत्यमा सहभागीको अवसर मिल्नेछ । | वृश्चिक | आज सानातिना समस्यामा अल्झिनुपर्ने देखिन्छ। |
| मिथुन | रचनात्मक कार्यमा मन जानेछ। | धनु | कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ। |
| कर्कट | मित्रहरूले दिएको वचन फेरिन सक्छ। | मकर | आज शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह | आज नयाँ योजना र अवसर आउनाले मन प्रसन्न र हनेछ। | कुम्भ | आज आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। |
| कन्या | आज धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। | मीन | आज प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# खेलभित्रको झेल

खेलको विशेषता हो 'नियम र अनुशासन'। जब खेलभित्र यी पक्ष लागु हुँदैनन्, त्यसलाई 'फेयर प्ले' मानिँदैन। प्रतिस्पर्धा चलिरहँदा त खेल-निर्णायकले नै त्यसलाई 'फउल' को संज्ञा दिन्छन्। यो खेलभित्रको नियमन पक्ष हो। निर्णायकको अधीनमा नै नरहने अर्को 'फउल' पनि छ, त्यो हो म्याच फिक्सिङ, जसले खेलको नतिजालाई प्रत्यक्ष प्रभाव पार्छ। नेपालमा यो घटना २०७२ सालमा नै घटिसकेको हो। त्यतिबेला नेपालका फुटबल खेलाडीमाथि यी आरोप लागेका थिए। तर, पछिल्लोपटक व्यावसायिक खेलमा पनि यो दाग फेरि दोहोरिएको छ। त्यो पनि देशभित्र नै आयोजना भएको प्रतिस्पर्धामा। गत पुस २७ गते सम्पन्न व्यावसायिक क्रिकेट 'नेपाल टी-२० लिग'मार्फत फेरि खेलभित्रको अपराध दोहोरिन पुग्यो। लिगमा सहभागी विदेशी खेलाडी र नेपाली खेलाडीमाथि 'स्पट फिक्सिङ'को आरोप लाग्यो। 'स्पट फिक्सिङ'ले खेलको नतिजामा फरक त पार्दैन तर यो पनि खेलभित्रको अपराध नै हो। यस्तो अपराध नेपाल टी-२० लिगमा विदेशी र नेपाली खेलाडीले गरे। खेल चलिरहँदा नै 'स्पट फिक्सिङ' को आशंका गरिएको थियो। प्रतियोगिता सुरु भएदेखि नै नेपालको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले त्यहाँ निगरानी राखेको थियो। तैपनि ती घटना घटे। यद्यपि, यो आरोप प्रमाणित हुन भने बाँकी नै छ। सोमबार सिआइबीले नेपाल टी-२० क्रिकेट लिग मिलेमतोमा संलग्न रहेको आरोपमा दुई क्रिकेटरलाई पक्राउ गरेको छ । नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व अलराउन्डर एवम् कीर्तिमानी क्रिकेटर मेहबुब आलम र वर्तमान राष्ट्रिय टोलीका अलराउन्डर मोहम्मद आदिल अन्सारी पक्राउ परेका हुन्। मेहबुब एकै खेलमा १० विकेट लिने कीर्तिमानी क्रिकेटर हुन् भने आदिल नेपाली क्रिकेटमा सम्भावना बोकेका उदीयमान क्रिकेटर हुन्। नेपाली क्रिकेटका भेट्रान र युवा क्रिकेटरले नै यो आरोपको सामना गरेका छन्। अझै अन्य नेपाली क्रिकेटर पनि पक्राउ पर्ने सम्भावना रहेको सिआइबीको संकेत छ । लिगको कमर्सियल पार्टनर भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्स हो, जसलाई नेपाल क्रिकेट संघ (क्यान) ले आठ वर्षका लागि ३३ करोड रूपैयाँमा व्यावसायिक साझेदारी बेचेको थियो। सिआइबीकै अनुसन्धानले सेभेन थ्री स्पोर्ट्सको भूमिकासमेत शंकास्पद रहेको देखाएको छ । प्रतियोगिताअघि नै सेभेन थ्री स्पोर्ट्सलाई बेटिङ कम्पनी रहेको आरोप लागेको थियो। तर, क्यानले उसलाई नेपाली क्रिकेटमा भित्र्यायो, जसको परिणामस्वरूप ठूलो क्षति हुने देखिएको छ ।




# मधेश : ६ महिनामा करिब डेढ लाख सवारी साधन कारवाहीमा

टक नेपाल, वीरगञ्ज । मधेश प्रदेशमा चालु आर्थिक वर्ष २०७९/८० को छ महिनामा एक लाख ४६ हजारभन्दा बढी सवारी साधान कारबाहीमा परेका छन् । सवारी दुर्घटना न्यूनीकरण गर्न प्रदेशका जिल्लामा विशेष अभियान चलाएको ट्राफिक प्रहरीले विभिन्न कसुरमा एक लाख ४६ हजार एक सय ८० वटा सवारी साधानमाथि कारबाही गरेको हो। सवारी साधानमाथिको कारबाहीबाट १० करोड ७७ लाख १५ हजार पाँच सय राजस्व सङ्कलन भएको मधेश प्रदेश ट्राफिक कार्यालय पथलैया बाराले जानकारी दिएको छ । ट्राफिक प्रहरीले हाल राजमार्गमा जडान गरिएको सिसिटिभी र राडर स्पिड गनबाट सवारी साधनको गति निगरानी गरिरहेको छ । कार्यालय पथलैया बाराका अनुसार तीव्र गतिमा चलाइएको कार-जिप दुई हजार ६ सय ६४ वटा सवारी साधान कारबाहीमा परेका छन् । साथै यात्रुबाहक बस, मिनिबस र सुमो आठ सय २१ वटा, मोटरसाइकल तीन सय ४९ वटा र मालबाहक टि्पर, ट्रक र ट्र्याक्टर तीन सय २५ वटा गरी चार हजार एक सय ४९ वटा सवारी साधनमाथि कारबाहीमा परेको कार्यालय प्रमुख प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराईले जानकारी दिए। क्षमताभन्दा बढी यात्रु बोक्ने, तीव्र गतिमा सवारी चलाउने, बिना हेलमेट र तीन जना सवार भइ मोटरसाइकल चलाउने प्रवृति बढेकाले राजमार्ग तथा अन्य सहायकमार्गमा सवारी चेकजाँच कडाइ गरिएको उनको भनाइ छ । यस अवधिमा प्रदेशका जिल्लामा भएका दुई हजार आठ सय ७६ सवारी दुर्घटनामा ३०९ जनाको मृत्यु भएको छ। सवारी दुर्घटनामा सबैभन्दा बढी बारामा ६५ जना र सबैभन्दा कम पर्सामा २२ जनाको मृत्यु भएको प्रदेश ट्राफिक कार्यालय पथलैया बाराले जनाएको छ ।

# स्थानीयले पक्रेर प्रहरीलाई बुझाए

टक नेपाल, सर्लाही । माघ १० गते । सर्लाहीको उत्तर-पूर्वी भेगस्थित ईश्वरपुर नगरपालिका-१२, कालिञ्जोरमा अज्ञात मानिसहरू गाउँमा आएर एक्कासि जग्गा नापजाँच गर्न थालेपछि स्थानीयले उनीहरूलाई पक्राउ गरी प्रहरीमा बुझाएका छन्। भूमिसुधार र नापी कार्यालयको अभिलेखमा खयरमाराखोर भनी उल्लेख रहेको कालिञ्जोरस्थित दोङखोरिया क्षेत्रमा जग्गा नाप गर्न आएका सात जनालाई गाउँलेहरूले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका हुन्। आफूहरूले तीन पुस्तादेखि भोगचलन गर्दै आइरहेको ऐलानी जग्गा एक्कासि देख्दै नदेखेको मानिस आएर जग्गा नाप्ने, फोटो खिच्ने, भिडियो बनाउनेजस्ता गतिविधि गर्न थालेपछि स्थानीयहरू भेला भएर नियन्त्रणमा लिएका हुन्। आक्रोशित स्थानीयले सुरुमा उनीहरूलाई नियन्त्रणमा लिएर वडा कार्यालयमा पुऱ्याएका थिए। पछि ती सातै जनालाई आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय केशरगञ्जमा बुझाइएको कालिञ्जोरका वडाध्यक्ष देवीबहादुर खत्रीले बताउनुभयो। बाराको जितपुर सिमरा उपमहानगरपालिका-११ का उमाशङ्कर साह, सिरहाको कर्जन्हा नगरपालिका-१ का राहुलकुमार साह, धनुषाको मिथिला नगरपालिका-९ का जयकुमार ठाकुर, बाराको जितपुर सिमरा उपमहानगरपालिका-१ का ज्ञानबहादुर लामिछानेलाई प्रहरी लाई बुझाइएको हो। महोत्तरीको मनरासिस्वा नगरपालिका-४ का धीरेन्द्र झा, धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ का विजयकुमार साह र बाराको जितपुरसिमरा उपमहानगर पालिका-११, का विनयकुमार चौधरी लाई पनि बुझाइएको छ। कार चढेर आएका उनीहरूको साथबाट पाँच लाख रुपियाँ नगदसमेत बरामद भएको छ । अचानक गाउँमा आएर विभिन्न धाकधम्की, डरत्रास देखाएपछि नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएको स्थानीयको भनाइ छ । वडाध्यक्ष खत्रीले भन्नुभयो, 'पूरै बस्तीको जग्गा आफूहरूको हो भन्दै नापजाँच गर्न थालेपछि उनीहरूलाई गाउँलेले नियन्त्रणमा लिएका हुन् । हामीले वडा कार्यालयमा लगेर उनीहरूसँग सोधपुछ गर्दा उनीहरूका गतिविधि र बोली शङ्कास्पद देखियो, त्यसपछि प्रहरी बोलाएर जिम्मा लगायौँ।' प्रहरीले यस घटनाका सम्बन्धमा अनुसन्धान जारी रहेको जनाएको छ। सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले नियन्त्रणमा रहेका व्यक्तिहरूसँग सोधपुछ भइरहेको बताउनुभयो। 'केही मानिसहरू आएर आफूहरूलाई थाहै नदिई जग्गा नाप्न थालेको र त्यसपछि आफूहरूले नियन्त्रणमा लिएको भनी स्थानीयहरूले भनेका छन्, वास्तविकता के हो भनी हामी पनि बुझ्दै छौँ,' प्रहरी उपरीक्षक सुवेदीले भन्नुभयो। स्थानीयहरूले जग्गा कारोवारीहरू आएर अचानक आफूहरूलाई डर त्रास देखाएर जग्गा हडप्न खोजेको बताएका छन्। प्रहरी नियन्त्रणमा रहेकाहरूसँग के-कस्ता कागजात छन् भनी प्रहरीले केही खुलाएको छैन। गाउँलेले चिन्दै नचिनेको मानिसहरू आएर नापेको जग्गाको कागजी अवस्था कुन अवस्थामा छ भनी बुझ्ने काम भइरहेको प्रहरीले जनाएको छ। घटनापछि सोमबार कालिञ्जोरबाट ठूलो सङ्ख्यामा स्थानीयवासी बयलबासस्थित इलाका प्रहरी कार्यालयमा आइपुगेका थिए ।

# कहाँ छन् हत्या अभियुक्त सांसद.................


सरकारले महतोलाई प्रदान गर्ने भनिएको प्रवल जनसेवा श्री पदकसमेत खोसेको छ । मन्त्रालयको बैठकले फरार कोइरीलाई भुलवश नाम सिफारिस भएको बताउँदै रद्द गरेको हो । फौजदारी अभियोग लागेका व्यक्तिहरूको मुद्दाको किनारा नलागेसम्म यस्ता प्रकारका विभूषण दिन नमिल्ने भन्दै महतोको नाम हटाइएको छ ।

**महासेठ भन्छन्: कोइरी अपराधी होइनन्**

नेकपा एमालेका सचिवसमेत रहेका सांसद रघुवीर महासेठले मङ्गलबार संसद्मा बोल्दै लक्ष्मी महतो कोइरीलाई अपराधीका रूपमा चर्चा नगर्न आग्रह गरे । बैठकमा महासेठले महोत्तरीका घरघरमा कोइरीको प्रत्येक दिन पूजा हुने गरेको भन्दै त्यस्ता लोकप्रिय नेताको मुद्दा पुनरावेदनका क्रममा रहेको अवस्थामा अहिले नै अपराधी भन्न नमिल्ने उनको तर्क थियो । सम्बोधनका क्रममा उनले राज्य र कानुनले दोषी करार नगरिसकेको अवस्थामा कोइरीलाई अपराधी भन्न नमिल्ने बताए। 'कोइरीलाई अपराधी करार गरिएको छ, कानुनले अपराधी भनेर निर्णय गरेको छैन । तर संसद्मा अपराधीको आरोप लगाइएको छ', उनले भने, 'अपराधीकै रूपमा अदालतले किटान नगरेकाले अहिले उनीबारे धारणा बनाउनु गलत हो ।' तर, कोइरी कानुनसम्मत दोषी भए एमालेले नै पक्राउ गर्न सहजीकरण गर्ने आश्वासन पनि उनले व्यक्त गरेका थिए । '३ वर्षयता कुनै सरकारले उहाँलाई किन समातेन ? योभन्दा अघिको सरकारले त झनै उहाँलाई सम्मान नै गरेको थियो', महासेठले भने, 'गृह मन्त्रालयलाई मेरो अनुरोध छ- कानुनअनुसार काम गर्नुहोस्, उहाँलाई समाउनु नै पर्नेछ भने समाउनुहोस्, एमालेका नेताबाट बाधा आउँदैन।'




# मधेस प्रदेशमा तीन बिना विभागीय मन्त्रीको मन्त्रालय तोकियो



टक नेपाल, जनकपुरधाम । मधेश प्रदेशका बिना विभागीय तीन मन्त्रीको जिम्मेबारी ११ दिनपछि तोकिएको छ। गत पुस २९ गते बिना विभागीय मन्त्रीको रुपमा पद तथा गोपनियताको शपथ लिएका तीन मन्त्रीको जिम्मेबारी मुख्यमन्त्री सरोज कुमार यादवले मंगलबार तोका हुन् । जसपाका संजय यादवलाई अर्थ, नेकपा एमालेका सरोज यादवलाई भौतिक पूर्वाधार र जनमत पार्टीका बसन्त कुशवाहलाई सामाजिक विकास मन्त्रालयको जिम्मेबारी तोकिएको हो । मंगलबार बसेको मन्त्री परिषदको बैठकले सो निर्णय गरेको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

# ठुला दलका सांसदलाई धेरै र साना दलका सांसदलाई थोरै समय किन ?



टक नेपाल, काठमाडौं । जनमत पार्टीका अध्यक्षसमेत रहेका प्रतिनिधि सभा सांसद सिके राउतले बोल्न दिइएको समयबारे प्रश्न उठाएका छन्। ठुला दलका सांसदलाई धेरै समय र साना दलका सांसदलाई थौरै समय दिइएकोमा उनले आपत्ति जनाएका हुन्। 'संसदमा धन्यवाद दिनका लागि नै कसैलाई ९० मिनेट र कसैलाई ५ मिनेट समय छुटाउनु कसरी उपयुक्त हो ?,' उनले भने, 'एउटै क्रियाको लागि फरक समय ? त्यसो भए ९० सिट ल्याएको पार्टीको सांसदलाई चिया वा बाथरुम जान पनि ९० मिनेट र एक सिट भएको पार्टी वा स्वतन्त्र सांसदलाई १ मिनेट छुट्याउनुपर्ने हो।' संसदमा सांसदलाई बोल्न समय दिनुअघि सभामुखले समय तोक्ने प्रचलन छ ।

# सरस्वती पूजामा विद्यार्थीबाट चन्दा नअसुल्न महानगरको निर्देशन




टक नेपाल , वीरगन्ज । वीरगन्ज महानगरपालिकाले सरस्वती पूजाका नाममा विद्यार्थीबाट चन्दा नलिन निर्देशन दिएको छ । महानगरमा रहेका निजी विद्यालयहरूले सरस्वती पूजा मनाउने नाममा विद्यार्थीहरूबाट मनलाग्दी ढंगले चन्दा भन्दै रकम असुल्न थालेको जनगुनासो आएपछि मंगलबार वीरगन्ज महानगर पालिकाको कार्यालयले सूचना जारी गर्दै त्यसो नगर्न निर्देशन दिएको हो। यदि कुनै विद्यालयले सरस्वती पूजाका नाममा विद्यार्थीबाट चन्दा वा शुल्क लिएको भए तत्काल फिर्ता गर्न पनि महानगरले निर्देशन दिएको छ। 'महानगरका निजी विद्यालयहरूले सरस्वती पूजाका नाममा चन्दा संकलन गरिरहेको भनि यस कार्यालयमा लिखित तथा मौखिक उजुरी परेकाले शिक्षा ऐन तथा नियमावलीले तोकेबाहेकको कुनै पनि शीर्षक वा बहानामा चन्दा तथा शुल्क उठाउने तत्काल रोक्न र लिइसकेको भए अविलम्ब फिर्ता गर्न अनुरोध गरिन्छ', महानगरको सुचनामा उल्लेख छ । वीरगन्जमा रहेका अधिकांश निजी विद्यालयले सरस्वती पूजा मनाउनका लागि विद्यार्थीहरूबाट जनही १ सय देखि पाँच सय रुपैयाँ असुली गरेको भन्दै तीन दिनअघि अभिभावक संघ पर्साले एक विज्ञप्ति जारी गर्दै महानगर पालिकाको ध्यानाकर्षण गराएको थियो। संघका अध्यक्ष सन्दिप साहका अनुसार , सरस्वती पूजाका नाममा जीएचपी स्कुलले प्रतिविद्यार्थी १ सय २० रुपैयाँ, ज्ञानज्योती माविले २ सय रुपैयाँ, गोल्डेन फ्युचर माविले ४ सय रुपैयाँ, ओम नेशनल एकाडेमीले १ सय २० रुपैयाँ, एन्जल एकाडेमीले २ सय रुपैयाँ, जेम्स स्कुल अफ डकैला बहुअरीले २ सय रुपैयाँ, मेरिगोल्ड माविले एक सय ५० रुपैयाँ असुलेको थियो।







बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com